## पुनरावेदन अदालत बुटवल

### न्यायाधीश आवास गृह मर्मत सम्बन्धी

# सिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना नं. १/०७३/०७४

प्रकाशित मिति २०७३/०४/०२

आ.व. २०७३/७४ मा यस अदालतको तपसिल बमोजिमको न्यायाधीश आवास भवनहरु मर्मतका लागि नेपाल सरकारबाट इजाजत प्राप्त मु.अ. कर दर्तावाला आ.व. ०७१/७२ सम्मको आयकर चुक्ता गरेका इच्छुक सिलबन्दी बोलपत्रदाताहरूबाट बोलपत्रदाताको ग्राह्यता (इलिजिबिलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने कागजात सहित निम्न शर्तहरूको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरू**

१ यो सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिनसम्म सिलबन्दी बोलपत्र फाराम बापत नगद रु. १०००।- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२ सिलबन्दी बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धीत कसुरमा आफुले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा कागजात सिलबन्दी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

३ सिलबन्दी बोलपत्र खरिद गर्न स्वयं सिलबन्दी बोलपत्रदाता उपस्थित हुन नसकेमा मन्जुरनामाबाट पनि खरिद गर्न सकिनेछ । तर त्यस्तो मन्जुरनामा (निवेदन) एक फर्म एक व्यक्तिलाई मात्र मान्य हुनेछ । एक संस्था वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

४ सिलबन्दी बोलपत्रदाताहरूले आफूले कबोल गरेको दररेट सिलबन्दी बोलपत्र फारामको प्रत्येक इकाइ महल तथा जम्मा महलको अंक र अक्षरमा केरमेट नगरी स्पष्टसंग लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

५ दर्ता गर्न ल्याएको सिलबन्दी बोलपत्रको खाममा कार्यालयलाई सम्बोधन गरी सोमा कामको विवरण र पछि सम्म फरक नपर्ने गरी सिलबन्दी बोलपत्रदाताको नाम, ठेगाना, घर नं., टोल तथा टेलिफोन नम्बर र इमेल ठेगाना भएमा सो समेत प्रष्टसंग लेखि सिलबन्दी गरिएको हुनुपर्नेछ ।

६ सिलबन्दी बोलपत्र फारामको महलहरू स्पष्ट रूपमा भरि प्रत्येक पानामा सहीछाप गरि प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेसम्म यस अदालतको दर्ता शाखामा दर्ता गराउन सकिनेछ वा सिलबन्दी बोलपत्र सम्बन्धी कागजातहरू हुलाक/कुरियर मार्फत पनि पठाउन सकिनेछ तर त्यसरी हुलाक/कुरियर मार्फत पठाईएको सिलबन्दी बोलपत्र सम्बन्धी कागजातहरू ढिलो गरी आएमा वा डेलिभरी नै नभएमा यस अदालत जिम्मेवार हुनेछैन ।

७ यसरी दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरू ३१ औं दिन मिति २०७३।०४।३२ गते दिनको २:०० बजे यस अदालतमा सिलबन्दी बोलपत्रदाता वा निजका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । सिलबन्दी बोलपत्रदाता वा प्रतिनिधिहरू उक्त दिन उपस्थित नभएमा पनि अदालत प्रतिनिधिहरूको रोहबरमा प्राप्त हुन आएका सिलबन्दी बोलपत्र खोलिनेछ । सिलबन्दी बोलपत्र खरिद र दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट वा कार्यालय खुलेको दिनलाई सो कार्य गरिने दिन मानिनेछ ।

८ सिलबन्दी बोलपत्र फाराम साथ जमानत बापतको रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, रूपन्देहीले कृषि विकाश बैंक बुटवलमा संचालन गरेको एकल कोष धरौटी खाता नं. ०४१४६०१०१४२५३०४७ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस अदालतको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको मिति २०७३/०४/०२ गते बाट कम्तीमा १२० दिन अवधी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

९ बोलपत्र स्वीकृत भएपछि परफरमेन्स बण्ड बापत बोलपत्रदाताले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस अदालतले तोकिदिएको ढाँचामा बैंक जमानीपत्र बुझाउनु पर्ने छ ।

१० प्राप्त सिलबन्दी बोलपत्रहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ ।

११ रीत नपुगेका र म्याद नाघि आएका सिलबन्दी बोलउपत्रहरू उपर कुनै कारवाही गरिने छैन ।

१२ यो सूचना सर्वोच्च अदालतको website: www.supremecourt.gov.np मा पनि हेर्न सकिने छ ।

१३ सिलबन्दी बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक परेमा यस अदालतको आर्थिक प्रशासन शाखा वा फोन नं. ०७१५४११७६ मार्फत पनि बुझ्न सकिनेछ । अन्य कार्यविधिहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कार्यको विवरण | लगत इस्टिमेट( भ्याट र कन्टिनजेन्सी बाहेक) (रू.) | बोलपत्र दस्तुर (रू.) | बोलपत्र जमानत रकम (रू.) | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | ACB/NCB /Works/०१/ २०७३/७४ | न्यायाधीश आवाश गृह मर्मत | २०,८०,०००।०० | १०००।०० | ५२,०००।०० | २०७३/०४/३१ गते दिनको ५:०० बजे सम्म | २०७३/०४/३२ गते दिनको १२:०० बजे सम्म | २०७३/०४/३२ गते दिनको २:०० बजे सम्म |

रजिष्ट्रार

पुनरावेदन अदालत बुटवल